# फिदिम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फिदिम, पाँचथर

१ नं. प्रदेश नेपाल

### विज्ञापन कर सम्वन्धीको १५ दिने सार्वजनिक सूचना

प्रथम पटक सूचना प्रकाशित मिति :- २०७६/०४/१७

सूचना नं. ०२/२०७६/०७७

यस कार्यालयले आ.व. २०७६/०७७ को आन्तरिक आय तर्फ विज्ञान कर अन्तर्गत अन्य *होर्डिङ बोर्ड कर* संकलन ठेक्का वन्दोवस्त गर्नुपर्ने भएको हुँदा प्रचलित नेपाल कानून बमोजिम इच्छुक योग्य फर्म वा कम्पनी संस्थाहरुबाट तपसिलको शर्तहरुको अधिनमा रहि दरभाउपत्र फाराम खरिद गर्न यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरु

१. प्रचलित नेपाल कानून बमोजिम दर्ता भई प्रमाण पत्र लिएका कम्पनी संस्थाले दरभाउपत्र फाराम खरिद गरी सूचना अनुसारको शर्तका आधारमा दाखिला गर्न पाईनेछ।

२. दरभाउपत्र फाराम खरिद गर्न नविकरण भएको प्रमाण पत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण-पत्र करचुक्ता प्रमाणपत्र र संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न निवेदन साथ यस कार्यालयको राजश्व शाखाबाट रु १०००/-(एक हजार मात्र) फिता नहुने गरि बुझाई खरिद गर्न सकिनेछ।

३. ठेक्कको न्युनतम रकम आ.व. २०७६/०७७ को लागि मु अ कर बाहेक रु १,००,०००/-(एक लाख मात्र) कायम गरिएको छ।

४. कबोल अंक चालु आ.व.मा अग्रिम रुपमा बुझाउनु पर्नेछ।

५. दरभाउपत्र सूचना प्रकाशित गरिएको मितिले १५ दिनभित्र खरिद गरी १६ औं दिनको १२:०० बजेभित्र कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ र दाखिला भएका दरभाउपत्र सोहि दिनको २:०० बजे खोलिने छ। तर १६ औं दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट खोलिनेछ।

६. शिलबन्दी दरभाउपत्र साथ आफुले कबोल गरेको अंकको ३ प्रतिशत रकम यस कार्यालयको नाममा नेपाल बैंक लि. फिदिम शाखामा रहेको धरौटि खाता नं. ०६७०३००००००००३०००००३ मा जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकबाट ७५ दिनको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानत (बैंक ग्यारेण्टी ) पेश गर्नु पर्नेछ।

७. ठेक्का सम्बन्धि तिर्नुपर्ने सम्पुर्ण कर दस्तुर ठेक्का लिने व्यक्तिले नै तिर्नुपर्ने छ।

८. ठेक्का अवधि आ.व.२०७६/७७ को असार मसान्त सम्म हुनेछ।

९. कुनै पनि कारणले राजश्व असुली कार्यमा बाधा भएमा सोको क्षतिपुर्ति नगरपालिका दिन बाध्य हुने छैन।

१०. दरभाउपत्र सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित हुनेछ।

११. दरभाउपत्रदाताले दररेट उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

१२. कबोल रकम सिलबन्दी दरभाउपत्र उल्लेख गर्दा भ्याट बाहेकको अङ्क उल्लेख गर्नुपर्ने छ।

१३. सूचनाको शर्त बिपरित भएको ,कार्यालयबाट उपलब्ध गराएको दरभाउपत्र फाराममा कुनै थपघट गरिएको, रीत नपुगेको,म्याद नाघी पेश हुन आएका दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन।

१४. ठेक्का लिने संघ संस्थाले नगरपालिकालाई तिर्नु सम्पुर्ण कर दस्तुर तिरेको हुनुपर्नेछ।

१५. नेपाल सरकारले प्रतिबन्द लगाएका तथा आम नागरबासीहरुमा प्रतिकुल असर पर्ने गरि होर्डिङ बोर्ड राख्न पाइने छैन।
स्वदेशी उत्पादनलाई बढावा दिने विज्ञापनका बोर्डलाई प्राथमिकता दिनुपर्नेछ।

१६. नगरपालिकाले तोकेको दररेटमा उक्त कर संकलन गर्नु पर्नेछ।

१७. नगरपालिकालाई कर दायित्व तथा बक्यौता बुझाउन बाँकी रहेको कुनै पनि संघसंस्थाले सहभागी हुन पाउने छैन।

१८. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य बिषयको हकमा सार्वजनिक ऐन, २०६३, र सार्वजनिक नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुनेछ।

प्रेम ---- काफ्ले
इन्जिनियर